# फेक शासनको भण्डाफोर गरौं ।
# जनआन्दोलनको दिशामा अघि बढौं ॥

देश अन्त्यहीन संकटको यात्रामा अग्रसर छ । ऐतिहासिक जेनजी आन्दोलन अर्थहीन भएको छ । आमूल परिवर्तनका लागि भएको जेनजी आन्दोलन यथास्थितिको गोलचक्रमा फसेको छ । ठुलो जनअपेक्षासहित बनेको नयाँ सरकारले समयमा प्रतिफल दिन नसक्दा जनतामा असन्तोष र आक्रोश बढ्दो छ । "जुन जोगी आएपनि कानै चिरेका" भन्ने भाष्य निर्माण हुँदैछ । नेतृत्वप्रतिको बढ्दो अविश्वासले राजनीतिमा चरम निराशा छाएको छ । दुई तिहाईको सरकार हुँदापनि जनतामा ढुक्कता छैन । जसको परिणाम सरकारी सन्यन्त्रहरू चेन-अफ-कमाण्ड बाहिर जाँदैछन् । संवैधानिक निकायहरूमा तालमेल छैन । राज्यका जिम्मेवार निकायहरू निरीह हुँदैछन्, न्याय हराएको छ । लोकतन्त्रको लय गुमेको छ । विधिको शासनको ठाउँ सर्वसत्तावादले लिदैंछ । जनतामा आपसी मनमुटाव बढ्दो छ, सामाजिक सद्भाव खलबलिएको छ । युवाशक्ति निराश र पलायन हुँदैछ । मूल्यवृद्धि आकासिएको छ, सेवा प्रवाह लथालिंग छ । पूँजी पलायन तीव्र भएको छ । आयात-निर्यातबीचको असमानता बढ्दो छ । कर आतंकसँगै ऋण थुप्रेकोथुप्रै छ । समग्रमा भन्ने हो भने अर्थतन्त्र धराशायी हुँदैछ । छिमेकीसँगको सम्बन्ध छिनभिन्न भएको छ । वैदेशिक हस्तक्षेप बढ्दो छ । अर्थात् नेपालको राष्ट्रिय स्वाधिनता संकटमा छ।

यसरी देश संकटको दलदलमा फस्दै गएको सन्दर्भमा देशलाई संकटबाट निकाल्न र आम जनतालाई देशको वास्तविक मालिक बनाउन सर्वप्रथम नक्कली शासनको भण्डाफोर जरूरी छ । किनकी रोगको सही पहिचानबिना उपचार सम्भव छैन । आज देशमा "भन्ने एउटा, गर्ने अर्को" फेक शासन छ । बाहिर जे छ, भित्र छैन । भाषण र व्यवहारमा ठुलो अन्तर छ । अर्थात् छदमभेषी राजनीति हाबी छ । यसलाई रोक्न संघर्षबाहेक अरू विकल्प छैन । यस ऐतिहासिक सच्चाईलाई आत्मसात गर्दै संघर्षको ठोस कार्यक्रम घोषणा आजको आवश्यकत्ता हो । यसका लागि सर्वप्रथम परिस्थितिको सिंहावलोकन, आन्दोलनमा देखिएका समस्या र सम्भावनाका लेखाजोखा तथा आगामी कार्ययोजनाबारे सही निश्कर्ष निकाल्न जरूरी छ । यही ऐतिहासिक अभिभारा पूरा गर्न हामी यस केन्द्रीय समितिको बैठकमा उपस्थित भएका छौं ।

यस अवसरमा म सर्वप्रथम बैठकमा सहभागी तपाईं सम्पूर्णलाई हार्दिक स्वागत एवं न्यानो अभिवादन व्यक्त गर्दछु । साथै, देश र जनताको पक्षमा आफ्नो जीवन बलिदानी गर्नुहुने सम्पूर्ण ज्ञात तथा अज्ञात महान शहिदहरूप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु । भर्खरै रसुवाको भोटेकोशीमा आएको विनाशकारी बाढीबाट ज्यान गुमाएका सम्पूर्ण नागरिकहरूप्रति भावपूर्ण श्रद्धाञ्जलीसहित पीडितहरूमा गहिरो सहानुभूति व्यक्त गर्दछु । देश बदलावको आन्दोलनमा अग्रणी भूमिका खेल्नुहुने हाम्रा अग्रज व्यक्तित्वहरूप्रति उच्च सम्मान व्यक्त गर्दै दलतन्त्रविरुद्धको हाम्रो तेस्रो जनआन्दोलन एवं जनसंघर्षका कार्यक्रमहरूमा सक्रिय सहभागितासहित बहादुरीपूर्ण योगदान गर्नुहुने सबै नेता, कार्यकर्ता र सहभागीहरूमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

## परिस्थितिको सिंहावलोकन

१) **विषय प्रवेश :-** अहिलेसम्म नेपालमा भएका सम्पूर्ण राजनीतिक आन्दोलनहरू सम्झौतामै टुंगिएका छन् । चाहे २००७ सालको परिवर्तन होस् वा २०४६ सालको जनआन्दोलन; चाहे १० वर्षे जनयुद्ध होस् वा २०६३ सालको जनआन्दोलन–यी सम्पूर्ण आन्दोलनहरू कुनै न कुनै रूपमा सम्झौतामै टुँगिएका हुन् । मधेश आन्दोलनलगायत विभिन्न आन्दोलनहरू वा भर्खरै भएको जेनजी आन्दोलनसमेत अन्ततः धोखापूर्ण सम्झौतामै टुंगिएको हो । सम्झौतापरस्त राजनीतिकै कारण देशले सही दिशा लिन सकेन । आखिर किन ठूला-ठूला आन्दोलनपश्चात् पनि अवस्थामा अपेक्षित सुधार आउन सकेन ? हामी किन आन्दोलनदेखि आन्दोलनसम्मको गोलचक्करमा फसिरहेका छौं ? यो क्रमलाई बुझ्न सर्वप्रथम सम्झौतापरस्त राजनीतिलाई बुझ्न जरुरी छ । तपाईं/हामीलाई थाहा छ, "सम्झौता भनेको दुई पक्षको अस्तित्व स्वीकार गर्नु हो ।" अर्थात्, सम्झौतापरस्त राजनीति भनेको दुवै चरित्र बोकेको छद्मभेषी व्यवस्था हो । आज यही सम्झौतापरस्त राजनीतिले देशको समग्र विकास प्रक्रियालाई अवरुद्ध पारेको छ । वास्तविकता दबेको छ, 'फेक' हाबी छ । बाहिर जे देखिन्छ, भित्र त्यो छैन । अपेक्षा नयाँ छ, तर धरातल पुरानै । संचालक नयाँ तर संरचना पुरानै । अवस्था र व्यवस्थाबीच ठुलो अन्तर छ । यही अन्तरविरोधले गर्दा समाज अस्तव्यस्त भएको

हो । अर्थात् देशको परिस्थिति छद्मभेषी छ । छद्मभेषी राजनीति र फेक शासनकै कारणले गर्दा आज देश अन्यौलग्रस्त छ । दुनियाँलाई थाहा छ, "उद्योग जस्तो हुन्छ, उत्पादन त्यस्तै हुन्छ।" यो शाश्वत सत्यलाई स्वीकार गर्नुको सट्टा "व्यवस्था बेस्ट र अवस्था खराब" जस्ता भ्रामक बुझाई स्थापित छ। यो नक्कली बुझाईलाई स्पष्ट नगरी देशलाई सही दिशा दिन सकिँदैन । यसर्थ "सिस्टम" सुधारमा जोड गरौं ! फेक शासनको "भण्डाफोर" गरौं !! भन्ने दिशा नै आजको आवश्यकता हो ।

२) **लोकतन्त्र :-** नेपाली जनताले लामो संघर्षबाट प्राप्त लोकतान्त्रिक अधिकारहरूलाई दुई तिहाईको नयाँ सरकारले प्रारम्भदेखि नै संकुचन गर्ने प्रयास गरिरहेको छ । लोकतन्त्रको आत्माको रूपमा रहेको नागरिक स्वतन्त्रताको हकलाई निस्तेज गरिँदैछ । ट्रेड यूनियन र विद्यार्थी संगठनहरूमाथि प्रतिबन्ध लगाइएको छ । आलोचक मीडियामाथि अनावश्यक हस्तक्षेप तथा पत्रकारहरुमाथि झूठा मुद्दा चलाइएको छ । लोकतन्त्रको सर्वोच्च संस्था "संसद्" लाई प्रभावहीन बनाइँदैछ । संसद्लाई छलेर अध्यादेश ल्याउने, राष्ट्रपतिको नीति तथा कार्यक्रम वाचनलाई बहिष्कार गर्ने, संसद्का निर्देशन अवहेलना गर्ने, संसदीय बैठक एंव छलफलमा अनुपस्थित हुने जस्ता गैरजवाफदेही कार्य निरन्तर प्रधानमन्त्रीबाट भइरहेको छ । जनताले उपयोग गरिसकेको समानुपातिक समावेशी अधिकारलाई संकुचित गर्ने तथा संघीय प्रदेशहरूलाई खारेज गर्ने जस्ता प्रपञ्च भइरहेको छ । सुकुम्बासी बस्तीहरूलाई विस्थापित गर्ने, फुटपाट व्यवसायीलाई उठीबास लगाउने तथा सडक किनारमा रहेका गरीबका टहराहरू छानीछानी भत्काउने कामसमेत भएको छ । परम्परागत विधि र प्रक्रियाविपरीत कर्मचारी छानीछानी बढुवा र सरुवाजस्ता कानूनी शासनको उपहास र मनोमानी शासनको अभ्यास सुरू भएको छ। स्वतन्त्र न्यायपालिकाको मान्यताविपरीत न्यायलयमा अनावश्यक हस्तक्षेप एवं महाअभियोगको मनोवैज्ञानिक त्रास खडा गरिएको छ । संवैधानिक निकायहरूको स्वतन्त्रतामाथि पनि हस्तक्षेप भएको छ । प्रदेश सरकार तथा स्थानीय तहहरूमा सरकारको अनावश्यक हस्तक्षेप जारी छ । पुराना नेताहरूलाई बिनाअभियोग पक्राउ गरी राजनीतिक प्रतिशोधको सुरूवात भएको छ। निषेधित क्षेत्रलाई विस्तार

गरी शान्तिपूर्ण प्रदर्शन गर्ने हकलाई समेत संकुचित गरिँदैछ । यसरी सरकार "स्वतन्त्रता, समानता, विधिको शासनलगायतका लोकतान्त्रिक अधिकारहरू"लाई समाप्त पार्दै सर्वसत्तावादको दिशामा अग्रसर छ ।

३) **राष्ट्रियता :-** नेपालमा महाशक्ति राष्ट्रहरूको सक्रिय उपस्थिति र चलखेल बढ्दो छ। भू-राजनीतिक द्वन्द्वको चपेटामा देश पर्ने त होइन भन्ने गम्भीर खतरा उत्पन्न भएको छ । भारत र चीनसँगको सम्बन्ध खलबलिएको छ । छिमेकी देशहरूले सुरक्षा चासोलाई लिएर सक्रियता बढाईरहेका छन् । छिमेकीलाई जीवन्त संवादमार्फत आश्वस्त पार्नुको सट्टा वर्तमान सरकार "शून्य संवाद" को नीतिमा अग्रसर छ । सरकारको यो संवादहीनताले नेपाल अन्तर्राष्ट्रिय मञ्चमा एक्लिने सम्भावना बढ्दो छ। प्रमुख देशहरू अहिले राजदूतविहीन छन् । सरकार आँफैले बनाएको प्रोटोकल मिचिएका छन् । छिमेकी देशको विदेश सचिवसँग भेट्न नमान्नेले आज त्यही देशका राजदुतसँग भेट्न बाध्य छन् । प्रधानमन्त्रीले संसदबाट दिएका कतिपय अभिव्यक्ति जस्तै "नेपालले पनि भारतको भूमि धेरै ठाउँमा मिचेको छ ।" सीमाविवादमा तेस्रो मुकुललाई संलग्न गराउने विषय तथा "छिमेकी देश चीन भर्खरै विकासोन्मुखबाट विकसित देश बनेका" जस्ता विषय कुटनीतिक मर्यादा एवं राष्ट्रहितविपरीत हो । सरकार एकातिर कुटनीतिक संकट बढाउने काम गरिरहेको छ भने अर्कोतिर राष्ट्रकै अस्तित्व समाप्त गर्ने खेलमा अग्रसर छ । यो सरकारले नेपालको इतिहासमा पहिलोपटक विदेशी नागरिकलाई राज्यको उच्च ओहोदामा नियुक्त गर्ने कानून ल्यायो । वैकल्पिक वित्त परिचालन विधेयकमार्फत प्राकृतिक सम्पदा विदेशीलाई जिम्मा लगाउने सरकारको यो राष्ट्रघाती कार्यलाई जति निन्दा गरेपनि कम हुन्छ। त्यस्तै, यो सरकारले विदेशी नागरिकलाई नेपालको वंशजको नागरिकता दिने घोषणा गरेको छ। दुनियाँमा काँही नभएको दुई देशको नागरिकताको प्रावधानले नेपालको अस्तित्व नै खतरामा पर्ने निश्चित् छ। यतिमात्र होइन अब नेपालको पैतृक सम्पत्ति विदेश लान पाउने बाटो खोलिएको छ । नेपालजस्तो गरिव देशको पूँजी विदेशमा पठाउने गलत नीतिले नेपालको भविष्य संकटमा पर्ने पक्का छ । यसरी सरकारको दलाली प्रवृत्तिले राष्ट्रिय स्वाधिनता संकटमा पर्दै गएको छ ।

४) **अर्थतन्त्र :-** देशको अर्थतन्त्र धराशायी हुँदैछ । अधिकांश आर्थिक सूचकांकहरू नकारात्मक छन् । ऋणको भार गुणात्मक ढंगले बढ्दो छ । पूँजी पलायन हुँदैछ । विदेशी लगानी केवल आश्वासनमा सीमित छ । आयात/निर्यातमा ठुलो अन्तर छ । सम्पत्ति शुद्धीकरण निवारणमा देखिएको समस्याका कारण नेपाल ग्रे-लिस्टमा परेको छ । सरकारी बैंक तथा वित्तीय संस्थाहरूमा व्यापक ठगी छ । शेयर बजार निरन्तर ओरालो लागेको छ । कर आतंक छ । महँगी आकाशिएको छ । सरकारले मूल्यवृद्धि नियन्त्रण गर्न सकेको छैन । राजस्व लक्ष्यअनुरूप उठ्न सकेको छैन । विकास खर्च कमजोर छ । प्राकृतिक सम्पदाहरूको व्यापक दोहन भईरहेको छ । सरकारी संस्थाहरू कमाउने भाँडो भएका छन् । आन्तरिक आम्दानी न्यून छ । सरकारको कर आतंक र बेथितिले उत्पादन महँगो छ । उद्योग-धन्दा एवं व्यापार-व्यवसाय चौपट भइसकेका छन् । अर्थात्, देश आर्थिक संकटमा फस्दै गएको छ ।

५) **राज्यको निरीहता :-** सरकारको अनावश्यक हस्तक्षेपले राज्य निष्प्रभावी हुँदै गएको छ । दुई-तिहाईको सरकार हुँदापनि जनतामा ढुक्काताको स्थिति छैन । संवैधानिक अंगहरूबीचको शक्ति-सन्तुलन खलबलिएको छ । देशको मेरुदण्डका रूपमा रहेको नेपाली सेना विदेशी हस्तक्षेपको विरुद्ध लड्नुपर्नेमा चुनावमा अमुक पार्टीलाई जिताउन हराउन, सुकुम्बासीलाई घरबारविहीन बनाउन तथा धार्मिक-साम्प्रदायिक दंगामा एकअर्कालाई दबाउनमा केन्द्रित छ । न्यायालय न्याय निरूपण गर्न डराएको छ । संसद् विघटनसँग सम्बन्धित मुद्दा सर्वोच्च अदालत हेर्नसमेत तयार भएन । सरकारको हस्तक्षेपले आज सर्वोच्च अदालत द्वन्द्वको केन्द्र बनेको छ । सुरक्षा निकायले पनि शान्ति-सुरक्षाको माहौल बनाउनुको सट्टा जनतालाई असुरक्षित गर्ने खेलमा सक्रिय छ । मानौं नेपाल प्रहरीको काम मुद्दा चलाउनुमात्र हो । सरकारी हस्तक्षेपले कर्मचारीतन्त्र पनि निरीह बन्दैछ । यसरी राज्यका अंग एवं निकायहरू लथालिङ्ग हुँदैछन् । राज्यका निकायहरूप्रति बढ्दो अविश्वासले देशको अस्तित्व नै संकटमा पर्ने त होइन भन्ने आशंका बढेको छ ।

६) **सुशासन :-** सुशासन र सदाचारको विषय प्रचारमा मात्र सीमित छ। सरकारी सेवा लिन घण्टौं लाइनमा बस्नुपर्ने बाध्यता छ। राजनीति नियुक्तिमा सरकारको मनपरी छ। "योग्य व्यक्तिलाई पारदर्शी ढंगले नियुक्ति गर्छु" भनेर अध्यादेश ल्याएको सरकारले झण्डै १,५०० पदाधिकारीको पदमुक्त गरी आफैँले ल्याएको अध्यादेश निष्क्रिय बनाएको छ। आज ती पदहरूमा पुरानै विधि र प्रक्रियाले आफ्ना आसेपासेलाई नियुक्ति गरिँदैछ। सरकारको करनी र कथनीमा ठुलो अन्तर छ। "अनावश्यक सरकारी खर्च घटाउँछु" भनेर बनेको यो सरकारले प्रत्येक सांसदलाई स्वकीय सचिव राख्ने र प्रत्येक मन्त्रालयमा ५/५ जनासम्म विशिष्ट श्रेणीका सल्लाहकार राख्ने व्यवस्था गरेको छ। "भ्रष्टाचारीलाई कारबाही गर्छु" भन्ने विषय पनि प्रचारमै सीमित देखिन्छ। देशका चर्चित भ्रष्टाचारका काण्डहरू जस्तै भुटानी शरणार्थी प्रकरण, सहकारी ठगी काण्ड, ललिता निवास जग्गा, गिरिबन्धु टी स्टेट प्रकरण, बाँसबारी जग्गा काण्ड, वाईडबडी काण्ड, टेरामक्स खरिद काण्ड, ओमनी औषधी खरिद काण्ड, सुन तस्करीलगायतका काण्डहरूमा सरकार मौन छ। सरकारले जे-जस्तो छानबिनको प्रक्रिया अगाडी बढाएको छ, ती सबै पूर्वाग्रही देखिन्छन्। अहिलेसम्म सरकारले पक्राउ गरेका अधिकांश व्यक्तिहरू ठोस प्रमाण अभावमा छुटेका छन्। एकातिर बिनाप्रमाण विपक्षीलाई पक्राउ गरी तर्साउने अर्कोतिर आफ्नै पार्टीका नेताहरू जोडिएका सहकारी ठगी, सम्पत्ति शुद्धीकरण तथा भ्रष्टाचारका काण्डहरूमा बचाउने अर्थात् छानबिनमा सरकारको दोहोरो नीति देखिएको छ। सरकारको यस्तो पक्षपातपूर्ण व्यवहारले सुशासनको नारा पनि हात्तीको देखाउने दाँत भएको छ।

७) **जेनजी आन्दोलन/आम निर्वाचन :-** जेनजी आन्दोलनको रापतापमा सम्पन्न आम निर्वाचन बाहिर शान्तिपूर्ण देखिएपनि भित्र नेपाली सेनाको घेरामा भएको हो। निर्वाचनका सम्पूर्ण कर्मकाण्डहरू चुनावजस्तै देखिएपनि भित्र षड्यन्त्र र धाँधलीले घेरिएको हो। बाहिरी घेरामा हुनुपर्ने सेनाले एकाएक मतपेटिकालाई आफ्नो कब्जामा लिनु, मतदान प्रतिनिधिलाई मतपेटिकाबाट अलग गर्नु, मतगणनास्थललाई निश्चित् अवधिसम्म सिलबन्दी गर्नुजस्ता अवाञ्छित गतिविधिहरू देखापरे। आवश्यकताभन्दा बढि मतपत्र छापिनु, मतदान अधिकृतको

हस्ताक्षर नमुना सुरक्षा निकायले प्राप्त गर्नु, चुनावी प्रचारप्रसारमा सामाजिक सञ्जालको व्यापक दुरुपयोग हुनुजस्ता कार्यहरूले पनि निर्वाचनको निष्पक्षतामाथि गम्भीर प्रश्न खडा गरेका छन् । सामाजिक सञ्जालमा निश्चित् एप्सहरूको सेण्डिकेट एवं फेक आईडीहरूको कमालले प्रचार-प्रसार पूरै दूषित रह्यो । निर्वाचन आचारसंहिता हात्तिको देखाउने दाँतजस्तै भयो । जसले जे पनि गर्न पाउने छुट थियो । आचारसंहिता पालना गर्ने/गराउने निकायहरू नै धाँधलीमा संलग्न थिए । अर्थात्, निर्वाचन स्वतन्त्र, निष्पक्ष एवं धाँधलीरहित हुन सकेन जसको परिणाम जित्नुपर्ने उम्मेदवार हारे र हार्नुपर्नेहरुले जिते । आम मतदाताको अपेक्षाविपरीत निर्वाचनको परीणाम आएको कारण आज सरकार एक्लो देखिएको छ । आम जनतामा असन्तुष्टि र आक्रोश बढ्दो छ ।

८) **अग्रगामी मोर्चा :-** जेनजी आन्दोलन धोकाको सिकार भएको कारण आज देशले राजनीतिक निकास पाउन सकेन । समस्याहरू झन् जटिल बन्दै गएका छन् । परिवर्तनको प्रवाह यथास्थितिमै रुमल्लिएको छ । जेनजी आन्दोलनको उपलब्धि भनेको रवि लामिछानेको रिहाइ र बालेन्द्र शाहको प्रधानमन्त्रीमा पदारोहणबाहेक अर्को केही देखिएको छैन । पुरानो व्यवस्था बोकेकै कारण हिजो रामराज्यको वकालत गर्ने तथा आफूलाई नयाँ बताउने नायकहरू छोटो अवधिमै आज खलनायक साबित हुँदैछन् । नेतृत्वप्रति अविश्वास एवं आक्रोश बढ्दो छ । देश झन्-झन् संकटको दलदलमा फस्दैछ । जसको परिणामस्वरूप राजनीतिक बहस र ध्रुवीकरण तीव्र भएको छ । प्रमुख पार्टीहरूभित्र आन्तरिक विवाद र द्वन्द्व बढ्दो छ । सत्ताधारी पार्टी रास्वपाभित्र पार्टी नेतृत्व एकातिर र सरकारको नेतृत्व अर्कोतिर देखिएको छ । त्यस्तै, प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेस र एमालेलगायतका पार्टीहरूभित्र पनि बहस, विवाद र द्वन्द्व बढ्दो छ । देशलाई कता लाने ? यथास्थितिमै राख्ने, पछाडि धकेल्ने कि अग्रगमनतर्फ लाने भन्ने बहस मुखरित भइरहेको सन्दर्भमा देशलाई सही निकास दिन र संकटबाट बचाउन अग्रगामी मोर्चा आजको आवश्यकता हो भन्ने कुरा बुझ्न जरुरी छ । अग्रगामी सोच राख्ने राजनीतिक शक्तिहरूको एकताले मात्र देशलाई दुर्गतिबाट बचाउन सकिन्छ । चाहे वैदेशिक हस्तक्षेपविरुद्ध राष्ट्रिय स्वाधीनताको रक्षाको विषय होस्, सर्वसत्तावादविरुद्ध

लोकतन्त्रको लागि होस्, संघीयता, समानुपातिक, समानता र सामाजिक न्यायजस्ता जनपक्षीय मुद्दाहरूको रक्षाका लागि होस्, वा भगौडा दलालहरूबाट देशको अर्थतन्त्र बचाउनलाई होस् । यी तमाम कार्यहरूका लागि हाम्रो एकताबद्ध प्रयास आवश्यक छ भन्ने बोधका साथ हामीले आम जनता पार्टी, जनता समाजवादी पार्टी, जनमत पार्टी, नागरिक उन्मुक्ति पार्टी, प्रगतिशील लोकतान्त्रिक पार्टी, नेपाल संघीय समाजवादी पार्टी, बहुजन एकता पार्टी, नेपाल जनमुक्ति पार्टी र खम्बुवान राष्ट्रिय मोर्चा मिलेर अग्रगामी मोर्चा निर्माण गरेका छौँ । सच्चा लोकतन्त्रवादी, देशभक्त एवं अग्रगामी शक्तिहरूको यो एकताले प्रतिक्रियावादीहरूको षड्यन्त्र, घेराबन्दी एवं हस्तक्षेप रोक्न सक्षम हुने विश्वास लिएका छौँ । यो मोर्चा सत्ता प्राप्तिका लागि होइन, केवल संघर्षका लागि जन्मिएको हो भन्ने कुरा मोर्चाले अघि सारेको अवधारणापत्र र निर्णयहरूबाट स्पष्ट हुन्छ ।

९) **बाढी पीडित :-** नेपाल अहिले रसुवा भोटेकोशी बाढीको कारण ठूलो चपेटामा परेको छ । विश्वको ध्यान नेपालमा केन्द्रित भएको छ । हजारौंको ज्यान लिएको र हजारौं हजार बेपत्ता बनाएको यो बाढीको कारण नेपाल यतिवेला राष्ट्रिय शोकमा डुबेको छ । बाढीमा हराएकाहरु भेटिने आशमा आफन्तजन बसेका छन् । उनीहरु आफ्नाहरुको श्वाँस नदिएपनि लाश देउ भनेर राज्यसँग याचना गरिरहेको हृदयविदारक दृश्य र भिडिओ प्रसारण भएका छन् । भोटेकोशीको विनाशजस्तो प्राकृतिक विपत्ति नेपालले पहिलोपटक भोगेको होईन, विगतका वर्षमापनि नेपालले यस्ता विपत्ति भोग्नुपरेको थियो । यसले नेपालको अर्थतन्त्रमा ठूलो नोक्शानी पुर्याएको छ । नेपालको लागि जलवायु परिवर्तनको असरको विषय अब सामान्य विषय बन्नुहुँदैन । यस विषयमा राष्ट्रियस्तरमा व्यापक र गम्भीर छलफल जरूरी छ ।

हुन त जलवायु परिवर्तनमा नेपालको नगन्य भूमिका हुँदापनि यसको असर भने हामीले ठूलो मात्रामा भोग्नपुरेको छ । नेपालले अब जलवायु न्यायको लागि कोप र संयुक्त राष्ट्रसंघजस्ता ठूला मञ्चमा सशक्त आवाज उठाउनुपर्ने बेला आएको छ । सरकारले यसको लागि गम्भीर पहलकदमी लियोस । तथ्यांकले भन्छ-विश्वको

कूल हरितगृह ग्यासको उत्सर्जनमा नेपालको भूमिका जम्मा ०.०५ प्रतिशतभन्दा कम छ । तर, नेपाल जलवायु परिवर्तनको उच्च जोखिममा रहेका विश्वका १० राष्ट्रहरुमध्येमा पर्दछ । जलवायु संकटले निम्त्याएको प्राकृतिक विपदाको कारण नेपालले ठूलो मानवीय र भौतिक क्षति व्यहोर्नुपरेको छ ।

१०) **अन्तर्राष्ट्रिय परिस्थिति :-** अहिले अन्तराष्ट्रिय परिस्थिति जटिल एंव तनावपूर्ण छ । अमेरिका र ईरान बीचको युद्ध, रूस र युक्रेन बीचको युद्ध तथा इजराईल र प्यालेस्टाइन बीचमो युद्ध लगायतका शक्ति राष्ट्रहरू बीचको टकराव बढ्दो छ । यो टकरावले तेस्रो विश्व युद्धको खतरासँगै एक धुर्वीय विश्व बहुधुव्र बन्ने आधार तयार हुँदैछ । अर्थात् महाशक्ति राष्ट्रहरूबीचको टकराव, भूराजनीतिक द्वन्द्ध, क्षेत्रिय असन्तुलन तथा आर्थिक प्रतिस्पर्धाले यतिबेला विश्व व्यवस्था (ग्लोबल अर्डर) को पुरानो क्रम भत्किने र नयाँ क्रम बन्ने अवस्था सृजना भएको छ । अमेरिकाका राष्ट्रपति डोनाल्ड ट्रम्पले घोषणा गरेको “अमेरिका फर्स्ट” को नीति तथा “विश्व शान्तिका लागि हस्तक्षेप” को नीति सुरुवातमै असफल हुन पुगेको छ । आफू राष्ट्रपतिमा निर्वाचित भए रूस-यूक्रेनबीचको युद्ध २४ घण्टामा अन्त्य गर्छु भनेर घोषणा गरेका ट्रम्प स्वयम् ईरानसँग नराम्रो युद्धमा फसेका छन् । लगातार प्रयास गर्दा पनि त्यो युद्धबाट बाहिर निस्किन सकेका छैनन् । मध्यपुर्वका द्वन्द र दक्षिण एशियाली देशहरूमा बलपूर्वक सत्ता परिवर्तनको शृंखलाले संकटलाई अझ बढाई दिएको छ ।

हिजो विचारको लडाइँ हुन्थ्यो । एकातर्फ समाजवाद अर्कोतर्फ पुँजीवाद भनिएको थियो । तर आज विचार वा वादको लडाइँ होइन, प्रविधि मार्फत प्रतिस्पर्धा जारी छ । अमेरिकाले डेटा पुँजीवादको अभ्यास गरिरहेको छ । अन्य देशहरू पनि प्रविधि विकासको प्रतिस्पर्धामा छन् । विश्वमा फैलिएको सर्वाधिक लोकप्रिय र अधिक प्रयोगकर्ता भएका सोसल मिडियाका प्लाटफर्महरू अमेरिकाको कब्जामा छन् । अमेरिका एकातिर डेटामार्फत विश्वमा नियन्त्रण जमाउन चाहन्छ भने अर्कोतर्फ सैन्य कूटनीति अर्थात् सुरक्षा कूटनीतिमार्फत आफ्नो प्रभावलाई अझ विस्तार गर्न चाहन्छ । आज अमेरिकाको कूटनीतिक अभ्यास सामान्य शिष्टाचार एवं नियमित

कूटनीतिमा सीमित छैन । उसले आकस्मिकता र बलप्रयोगलाई उच्च प्राथमिकतामा राखेका कारण विश्व आक्रान्त एवं विभाजित हुँदैछ । महँगाई चुलिएको छ । जनजीवन कष्टकर हुँदैछ । बेरोजगारी बढ्दो छ । आर्थिक संकट गहिरिँदैछ । अमेरिकी डलरको विकल्प खोज्न नयाँ ध्रुवीकरण सुरु भएको छ । सैनिक र वित्तीय गठबन्धनहरू पनि नयाँ-नयाँ बन्दै गइरहेका छन् । अमेरिका क्रमशः एक्लिँदै गएको छ । युरोप संकटसँग जुधिरहेको छ । चीन महाशक्तिका रूपमा उदय हुँदैछ । भारतले आर्थिक क्षेत्रमा नयाँ उचाइ हासिल गरेको छ । चीन र भारतको बढ्दो प्रभावले विश्व व्यवस्थालाई चुनौती दिइरहेको छ । जसको कारण अमेरिका चीन र भारतलाई घेर्ने रणनीतिमा अग्रसर छ । यही रणनीतिको तहत नेपाललगायत दक्षिण एसियाली देशहरूमा षड्यन्त्रपूर्ण ढंगले बलपूर्वक सत्ता परिवर्तनको खेल भइरहेको छ । नेपालमा अमेरिकाको अस्वाभाविक उपस्थितिले चीन र भारतको पनि चासो बढ्दो छ । शक्तिशाली राष्ट्रहरूको चासो र सक्रियताले नेपालको राष्ट्रिय स्वाधीनता, स्वाभिमान र राष्ट्रिय हितको विषय गम्भीर बन्दैछ । यस सन्दर्भमा राष्ट्रिय स्वाधीनताको रक्षा आजको आवश्यकता बनेको छ ।

## संघर्षको चर्चा

१) जनयुद्ध, जनआन्दोलन र मधेश आन्दोलनलगायतका आन्दोलनहरूबाट प्राप्त उपलब्धिहरूलाई संविधानसभामा संस्थागत गर्नुको सट्टा तोडफोड़ र बिगार्ने कामहरू भयो । अर्थात् नेपाली जनताका त्याग, संघर्ष र बलिदानीबाट प्राप्त लोकतन्त्र, राष्ट्रियता, संघीयता, समानुपातिक, धर्मनिरपेक्षताजस्ता उपलब्धिहरूलाई बन्ध्याकरण गरियो । दोस्रो संविधानसभामा नेताहरूले गरेको गद्दारीको कारण नयाँ संविधान धोकाको पुराण बन्न पुग्यो । जसको विरुद्ध हामी आफ्नो पुरै राजनीतिक भविष्य दाउमा राखेर संघर्ष गर्दै आएको विषय विशेषस्मरणीय छ । बिग्रेको संवैधानिक व्यवस्थाले देशलाई ठोस निकास दिन नसक्ने निचोडसहित संविधानसभामा पार्टीको ह्वीप अवज्ञा गर्दै संविधानमा हस्ताक्षर गरिएन । जतिबेला दुनियाँले संविधानको घोषणालाई नयाँ युगको शुरुवात भन्दै दिपावली गरिरहेका थिए, त्यतिबेला हामीले जनतासँग धोका भएकोमा विरोध गरिरहेका थियौं । आज

देशको अवस्था हेर्दा हिजो हामीले लिएका अडान वस्तुवादी एवं सही थियो भन्ने कुरा साबित भएको छ ।

२) नयाँ संविधानको घोषणासँगै नेपालमा भगौडा दलाल वर्गको उदय एवं वर्चस्वसहित दलाल दलतन्त्रको जन्म भयो । लोकतन्त्र देखाउने हात्तीको दाँतमा सीमित भई राज्यशक्तिको मुख्य स्रोत दलाल पार्टीहरू बन्न पुगे । राजनीतिक पार्टीहरूमा पनि प्रमुख पार्टी, प्रमुख पार्टीहरूभित्र संस्थापन गुट र संस्थापन गुटको पनि मुख्य नेता अर्थात् नेताहरूको शासन स्थापित भयो । यसरी नेपालमा स्थापित नयाँ संवैधानिक व्यवस्थाले प्रमुख पार्टीहरूको सिन्डिकेटसहित दलाल दलतन्त्रलाई स्थापित गर्‍यो । पार्टीहरू शासक र जनता शासित बन्न पुगे । जसले गर्दा प्रमुख पार्टी र तिनका नेताहरूमा शक्तिको उन्माद बढ्दै गयो । प्रमुख पार्टीबाहेक नेपालमा राजनीतिक भविष्य छैन भन्ने माहोल बन्दै गएको सन्दर्भमा हामीले त्यसको प्रतिवाद गर्दै नेकपा एमालेको टिकट त्यागेर स्वतन्त्र उम्मेदवारीसहित चुनाव लड्यौँ । यो पार्टी परित्याग कुनै चुनावी स्टन्ट नभई दलतन्त्रविरुद्धको ऐतिहासिक विद्रोह थियो । यसले दलतन्त्र र लोकतन्त्रबीचको अन्तरलाई बुझाउन मद्दत मात्र गरेन, दलतन्त्रको लुटकारी दलाल चरित्रलाई उजागर गर्नसमेत सघायो । अर्थात्, यो विद्रोहको ऐतिहासिक कदमले संविधानको गण्डा चरित्रलाई उदाङ्गो बनाउन र दलाल दल्तन्त्रको भण्डाफोर गर्न ठूलो योगदान गर्‍यो ।

३) यसरी नेपालमा दलतन्त्रको अभ्यासले नेताहरू मालामाल र जनता लाचार बन्दै गएको, स्वघोषित राजा ठान्ने नेताहरूको अत्याचारले जनता आक्रान्त भएको, सत्ताका लागि जेपनि गर्ने नेताहरूको अनैतिक कर्मले देश अस्थिर भएको, लुट र भ्रष्टाचारले समग्र अर्थतन्त्र धाराशायी भएको तथा दलाल प्रवृत्तिले देशको अस्तित्व नै संकटमा पर्दै गएको सन्दर्भमा देश र जनतालाई बचाउन आन्दोलनको विकल्प नरहेको निष्कर्षसहित हामीले दलाल दलतन्त्रको विरुद्ध तेस्रो जनआन्दोलनको उद्घोष गर्‍यौँ ।

जनआन्दोलनको उद्घोष गरिएपनि त्यतिबेला हामीसँग भर्खरै स्थापित शिशु पार्टी थियो । साधन-स्रोत खासै थिएन, न त मजबुत संगठन नै थियो । अनुभवहीन

सानो कार्यकर्ता पँक्ति र विचार-नेतृत्वबारे अनभिज्ञ जनताको बलमा सिङ्गै राज्यसत्तालाई चुनौती दिने विषय सामान्य थिएन । विचार र राजनीतिक दिशा सही भयो भने सबथोक प्राप्त गर्न सकिन्छ भन्ने आत्मविश्वास र देशको बिग्रिँदो अवस्थाले हामीलाई आन्दोलनमा अगाडि बढ्न प्रेरित गरिरह्यो । संघर्षको बीचबाट संगठन विस्तार हाम्रो नियति बन्न पुग्यो । संघर्ष-संगठन र फेरि संघर्षको विधिद्वारा हामी अगाडि बढ्यौँ । अर्थात्, "स-साना मुद्दामा संघर्ष गर्दै संगठन निर्माण र मजबुत संगठनको बलमा आन्दोलन उठान" को नीतिअनुरूप हामीले जनताका तत्कालीन समस्याहरूमा आफ्नो ध्यान केन्द्रित गर्‍यौँ । जसअनुसार, देशको बिग्रिँदो अर्थतन्त्र बचाउन भ्रष्टाचारको भण्डाफोर, कर आतंकको विरोध, भन्सार लुटविरुद्ध संघर्ष र बैंकिङ ठगीविरुद्ध आन्दोलन गर्‍यौँ । त्यस्तै, आम जनताको जीवन बचाउन कवाड आन्दोलन, मलखादका लागि किसान आन्दोलन तथा वैदेशिक रोजगारीका पीडितलाई न्याय दिलाउनेलगायतका संघर्षहरू गर्‍यौँ । सामाजिक क्षेत्रमा सुधारका लागि विद्यार्थी अनुपातमा शिक्षक दरबन्दीको लागि संघर्ष, गरिब तथा दलितलाई आवासका लागि संघर्ष, महिलालाई समान अधिकार दिलाउन संघर्ष तथा निःशुल्क बिजुली र पानीका लागि संघर्षजस्ता संघर्षहरू पनि गर्‍यौँ । यसरी विभिन्न संघर्षहरू सञ्चालन गर्दै संगठन विस्तारको कार्यलाई निरन्तरता दिँदै तेस्रो जनआन्दोलनको तयारीमा जुट्यौँ ।

४) दलतन्त्रविरुद्ध तेस्रो जनआन्दोलनको उठानले सत्ताधारी पार्टीहरूमाथि दबाब सिर्जना गर्नुका साथै आम जनतामा उत्साहको तरङ्ग उत्पन्न गर्‍यो । पार्टी भर्सेस जनताबीचको विभाजन, ध्रुवीकरण र संघर्ष तीव्र हुन थाल्यो । दलहरूको अत्याचार एवं लुटविरुद्ध नयाँ माहोल बन्दै गयो । दलतन्त्रको भण्डाफोरले संघर्षका लागि सकारात्मक वातावरण निर्माण हुँदै गयो । "अब देशमा केही हुँदैन" भनेर थाकेका निराश युवा पङ्क्तिहरूमा आत्मविश्वास जागृत भयो । यसरी आम जनतामा दलहरूप्रति घृणा एवं आन्दोलनप्रति आकर्षण बढ्दै गएको सन्दर्भमा एक्कासि ओली सरकारले सामाजिक सञ्जाल बन्द गर्‍यो । दुईतिहाइको उन्मादमा रहेको ओली सरकारले सामाजिक सञ्जाल खोल्न आम जनताले गरेको आग्रहलाई मानेन । जसको परिणामस्वरूप भदौ २३ गते जेनजी युवाहरू सरकारविरुद्ध सडकमा आए । सरकारले जेनजी युवाहरूका "सामाजिक सञ्जाल खोल्ने र भ्रष्टाचार रोक्ने"

जस्ता मागहरूलाई सम्बोधन गर्नुको सट्टा आन्दोलनकारीहरूमाथि बर्बर नरसंहार मच्चायो। प्रहरीको गोली लागेर दर्जनौँ युवाहरूको मृत्यु भयो भने सयौँको संख्यामा घाइते भए । कलिलो उमेरका निर्दोष युवाहरूमाथि भएको यस नरसंहारले दलतन्त्रको अभ्यासबाट आजित जनतालाई अझ आक्रोशित बनायो । जसको परिणामस्वरूप भदौ २४ गते लाखौँ जनता सडकमा आएर सरकारी संरचनाहरूलाई तहसनहस गरे । उनीहरूले सरकारलाई चुनौतीमात्र दिएनन्, राज्यको विधि, विधान र संविधानसमेत अस्वीकार गरे।

यस विषम परिस्थितिमा देशलाई सही निकास दिन सिस्टम सुधारसहित अन्तरिम सरकार बन्नु पर्दथ्यो। तर विडम्बना, नेपाली सेना र विदेशी शक्तिहरूको साँठगाँठ र षड्यन्त्रबाट पुरानै व्यवस्था बचाउने खेल भयो। जेनजी आन्दोलनको मर्मविपरीत उही तिरस्कृत पुराना नेताहरूको सहमतिमा केवल सरकार बदल्ने काम भयो । जबकी दुनियाँलाई थाहा छ,-व्यवस्था बिग्रेको कारण देशको अवस्था बिग्रिएको हो । फ्याक्ट्री जस्तो हुन्छ, उत्पादन त्यस्तै हुन्छ । अर्थात्, मेसिन परिवर्तन नगरी म्यानेजर मात्र बदलेर उत्पादन बदल्न सकिँदैन । राज्यको सिस्टमलाई यथावत् राखेर सरकार मात्र बदल्ने विषय जेनजी आन्दोलनको मागविपरीत थियो। जसको परिणामस्वरूप आज जेनजी आन्दोलनको एक वर्ष पुगिसक्दा पनि देशले कुनै निकास पाउन सकेन। न त जेनजी युवाहरूका हत्याराहरूले दण्ड पाए, न त कोही भ्रष्टाचारीहरू कानुनी दायरामा आए। आन्दोलनका क्रममा घाइते भएका युवाहरू आज उपचार नपाएर शारीरिक एवं मानसिक पीडामा छन्। आन्दोलनको अग्रभागमा लडेका युवाहरू सम्मानित हुनुको सट्टा झूठो मुद्दाको सिकार भएका छन्।

आखिर किन जनआन्दोलन उपलब्धिविहीन हुन पुग्यो ? ठुलै राजनीतिक परिवर्तनको अपेक्षा गरिएको आन्दोलन किन यथास्थितिमै अल्झिएको छ ? किन देशले निकास पाउन सकेन ? यस्तो महान् आन्दोलन किन अमुक व्यक्तिहरूको सत्तास्वार्थको साधन बन्न पुग्यो ? यी तमाम प्रश्नहरूको गम्भीर समीक्षा जरुरी छ। दुनियाँलाई थाहा छ, पवित्र सोचबाट भएको जेनजी आन्दोलनलाई सुरुमा बल प्रयोगद्वारा रोक्ने प्रयास गरियो । त्यो सम्भव नभएपछि षड्यन्त्रपूर्ण घुसपैठद्वारा केही स्वार्थी एवं भिजनलेस युवाहरूलाई कथित जेनजी अगुवा बनाएर आन्दोलनलाई हाइज्याक

गरियो । जेनजी आन्दोलन आज यी दुईवटा प्रवृत्तिबाट पीडित छ । एउटा, आन्दोलनलाई निषेध गर्ने, बर्बरतापूर्वक बल प्रयोग गर्ने र हत्यासम्म पुगेर भए पनि आन्दोलनलाई रोक्ने "हत्यारा" प्रवृत्ति । अर्को, आन्दोलनमा खासै योगदान नगर्ने तर असली हकदार बनेर आफ्नो सत्ता-स्वार्थका लागि आन्दोलनलाई प्रयोग गर्ने "हाइज्याकर" प्रवृत्ति । यी गलत प्रवृत्तिबाट आन्दोलनलाई बचाउन सकिएन भने इतिहासमा जेनजी पुस्ता नै बदनाम हुने निश्चित् छ । यसर्थ, जेनजी आन्दोलनलाई सार्थक निकासमा पुऱ्याउन सर्वप्रथम यस्ता गलत प्रवृत्तिको पहिचान, भण्डाफोर र निस्तेज गर्नु जरुरी छ ।

## आन्दोलनको लेखाजोखा

कुनै पनि राजनीतिक आन्दोलनको सफलता र असफलताको मापन संसद्को आवधिक सिट संख्याले होइन, बरू उसले अंगीकार गरेको विचार, दृष्टिकोण र मुद्दाहरूले निर्धारण गर्दछ । आज आम जनता पार्टीले लिएको वैचारिक राजनीतिक कार्यदिशा र एजेण्डाहरूले सिङ्गो देश नै तरंगित छ । खासगरी, राजनीतिक सिन्डिकेट र 'दलतन्त्र' विरुद्धको 'तेस्रो जनआन्दोलन' आज देशको राजनीतिक निकासको मुख्य विषय बनेको छ । वर्तमान राजनीतिक व्यवस्था खराब भएकै कारण देशको अवस्था बिग्रेको हो भन्ने आजपाको वस्तुनिष्ठ निश्कर्ष क्रमशः सही साबित हुँदै गइरहेको छ। हिजो यो व्यवस्थालाई 'बेस्ट' भन्नेहरूले नै आज सिस्टम सुधार र पुनःसंरचनाको कुरा उठाउन थालेका छन् । अन्य राजनीतिक दलहरू पनि संविधान संशोधनको एजेण्डामा सहमत देखिनु र यो संवैधानिक व्यवस्थाबाट मुलुकको निकास सम्भव छैन भन्ने निष्कर्षमा पुग्नु वास्तवमा आम जनता पार्टीको वैचारिक एजेण्डा र आन्दोलनको ठूलो सफलता हो ।

नेपालमा भगौडा दलाल पुँजीपति वर्गको बढ्दो वर्चस्व र त्यसकै जगमा निर्मित राज्यको दलाल एवं लुटकारी चरित्रले जनतालाई लाचार, राष्ट्रियतालाई कमजोर र मुलुकको अर्थतन्त्रलाई धराशायी बनाउँदै लगेको सन्दर्भमा हाम्रो आम जनता पार्टीद्वारा सुरू गरिएका 'नेताहरूको अनैतिक राजनीतिकविरुद्ध 'भोट फिर्ती अभियान', 'सरकारको मनपरी कर आतंकविरुद्ध सशक्त संघर्ष' र 'देशको सम्पत्ति लुटेर विदेशमा थुपार्ने भगौडाहरूको 'कालो धन' रोक्का गर्ने राष्ट्रिय अभियान' तथा 'भ्रष्टाचारीहरूमाथिको जनकारबाही' जस्ता

युगान्तकारी कदमहरूले समस्याको वस्तुनिष्ठ पहिचानमात्र गरेन, त्यसको समाधानको लागि सही दिशानिर्देश समेत गरेको छ । यसर्थ हामीले अंगीकार गरेका राजनीतिक कार्यदिशा र उठाएका मुद्दाहरू सही एवं वस्तुवादी छ भन्ने कुरा साबित हुँदै गएको छ ।

नेपालमा गलत संवैधानिक व्यवस्था र बेईमान नेतृत्वको कारण अवस्था संकटग्रस्त बन्दै गएको सन्दर्भमा नेताहरूको लुट, भ्रष्टाचार एवं अनैतिक राजनीतिविरुद्ध छिट्टै बिद्रोह हुने निचोडसहित हामीले तेस्रो जनआन्दोलनको घोषणा गरिराख्दा 'बेमौसमको बाजा' भनेर टिप्पणी गर्नेहरू आज पछुताइरहेका छन् । नेपालमा दलतन्त्रविरुद्ध आन्दोलन सम्भव छैन, किनभने कांग्रेस, एमालेको मत जोड्दा ५५ लाखभन्दा बढि छ । यति ठुलो जनमतवाला गठबन्धन सरकारविरुद्ध आन्दोलन गर्नु 'भित्तामा टाउको ठोक्नु' जस्तै हो, भन्नेहरू आज आँफै लज्जित छन् । जबकी प्रकृतिको नियमले भन्छ-जुन कुरा स्वभावैले मिल्दैनन्, तिनीहरूको मिलन घातक हुन्छ । अर्थात अनैतिक एवं अप्राकृतिक गठजोडको परिणाम प्रत्युत्पादक हुने पक्का थियो । जो नेपालमा सिद्ध भएको हो । यही विज्ञानसिद्ध सत्यलाई नजरअन्दाज गरेकै कारण आज देशले ठुलो क्षति व्यहोर्नुपरेको छ ।

तेस्रो जनआन्दोलनको घोषणा यदि देशको वस्तुगत आवश्यकता थियो भने किन आन्दोलन सफल हुन सकेन ? यति ठूलो जनविद्रोहको बाबजुद पनि देश किन यथास्थितिमै छ ? यसको गम्भीर समीक्षा जरुरी छ । नेपालमा क्रान्तिका लागि परिस्थिति परिपक्व भए पनि आत्मगत पक्ष कमजोर थियो । हाम्रो पार्टी भर्खरै स्थापना भएको शिशु अवस्थामा थियो । संगठनात्मक अवस्था कमजोर, विचार र एजेण्डाबारे जनता अनभिज्ञ, नेतृत्वको अनुहार पुरानै, शक्ति सपोर्ट तथा प्रचारको कमी जस्ता आत्मगत पक्ष कमजोर थियो । कुनै पनि आन्दोलनको भविष्य आत्मगत र वस्तुगत पक्षको अन्तरसम्बन्धमा निर्भर हुन्छ । क्रान्तिका लागि परिस्थिति जतिसुकै परिपक्व भएपनि आत्मगत पक्ष यदि कमजोर छ भने आन्दोलन दिशाविहीन हुने सम्भावना रहन्छ, जो नेपालमा भयो । हामीले जति प्रयास गरे पनि हाम्रो हैसियतले आन्दोलनलाई निचोडमा पुऱ्याउन सकेनौं र आन्दोलन हाईज्याक हुन पुग्यो । यति छोटो समयमा हाम्रो पार्टीले देखाएको अदम्य साहस र वैचारिक परिपक्वताले उज्ज्वल भविष्यको संकेत गर्दछ । हामी जस्तो शिशु पार्टीले सिङ्गै राज्यसत्तालाई चुनौती दिने र देशलाई तरङ्गित पार्ने खालको विशाल जनप्रदर्शन गर्ने हैसियत निर्माण गर्नु आफैँमा गौरवको विषय हो । यसबाट सबैले शिक्षा लिन जरूरी छ ।

## आगामी कार्ययोजना

आज देश फेक शासन र छद्मभेषी राजनीतिले दिशाविहीन भएको छ । झुट, लुट र अनैतिक राजनीतिले प्राथमिकता पाएका छन् । वैदेशिक हस्तक्षेप बढ्दो छ । दलालहरू मालामाल र जनता लाचार हुँदैछन् । राज्यको चरित्र नै लुटकारी एवं दलाल बनेको छ । यस सङ्कटपूर्ण अवस्थाबाट देशलाई बचाउन फेक शासनको भण्डाफोर र सिस्टम सुधार आजको आवश्यकता बनेको छ । अर्थात्, देशलाई संकटबाट बचाउन अन्तरिम संविधानमार्फत नयाँ संविधानको निर्माण जरुरी छ । आउनुस्, फेक शासनको भण्डाफोर गर्दै सिस्टम सुधारको संघर्षलाई निर्णायक बनाउन निम्नलिखित कार्यहरूलाई समयमा पुरा गरौँ !!

## वैचारिक/राजनीतिक कार्य

- ☞ फेक शासन र छद्मभेषी राजनीतिबारे व्यापक जनचेतना फैलाउने ।
- ☞ सबैखाले बेथितिको भण्डाफोर गर्ने ।
- ☞ भगौडा दलाल वर्ग, दलतन्त्र तथा गण्डा व्यवस्थाको विरोध एवं भण्डाफोर गर्ने ।
- ☞ आम जनताको शासन व्यवस्थाको पक्षमा प्रचार गर्ने ।
- ☞ अग्रगामी मोर्चाको आवश्यकता र महत्वबारे स्पष्ट पार्ने ।
- ☞ पश्चगमन र अग्रगमनबीचको अन्तरलाई प्रस्ट्याउने ।
- ☞ खिचडी संवैधानिक व्यवस्था र गलत प्रावधानबारे स्पष्ट पार्ने ।
- ☞ व्यवस्था र अवस्थाबीचको अन्तरसम्बन्धबारे जनचेतना अभिवृद्धि गर्ने ।
- ☞ सिस्टम सुधारको पक्षमा जनमत तयार गर्ने ।
- ☞ वैदेशिक हस्तक्षेप एवं षड्यन्त्रबारे चर्चा गर्ने ।
- ☞ जेनजी आन्दोलन हाइज्याक र धोकाको सिकार भएको विषय स्पष्ट पार्ने ।
- ☞ दलतन्त्र र लोकतन्त्रबीचको अन्तरसम्बन्धलाई प्रस्ट्याउने ।
- ☞ राज्यको दलाल एवं लुटकारी चरित्रको भण्डाफोर गर्ने ।

## संगठनात्मक कार्य

- पार्टी संगठनलाई पालिका तथा वडास्तरसम्म पुऱ्याउने ।
- संगठन विस्तार तथा सुदृढीकरणको कार्यलाई तीव्रता दिने ।
- अग्रगामी मोर्चाका संगाठनिक क्रियाकलापमा सक्रिय भूमिका निर्वाह गर्ने ।
- प्रदेश, जिल्ला तथा पालिकाहरूको नियमित बैठक र भेलालाई अगाड़ी बढाउने ।
- स्थानीय र प्रदेश सभा चुनाव लक्षित कमिटीहरू निर्माण गर्ने ।
- जनसंगठनहरूको बैठक तथा भेला सहित संगठन विस्तारको कार्यलाई तीव्रता दिने।
- संगठन निर्माणमा युवा शक्तिलाई विशेष प्राथमिकता सहित महिला तथा दलित समुदायलाई ध्यान दिने ।

## संघर्षका कार्यहरू

- राज्यको भगौडा दलाल चरित्रबारे भण्डाफोर अभियान सञ्चालन गर्ने ।
- फेक शासनविरुद्ध आन्दोलन गर्ने ।
- संघीयता, समानुपातिक, स्वतन्त्रता, समानता र सामाजिक न्यायको पक्षमा दबाबमूलक कार्यक्रमहरू गर्ने ।
- कर आतंक, मूल्यवृद्धि, सेवामा सास्ती, मलखादको अभावलगायतका जनसरोकारका मुद्दाहरूमा संघर्ष गर्ने ।
- लोकल एजेण्डाको भोकल भई स्थानीयस्तरमा संघर्षको उठान गर्ने ।
- जेनजी आन्दोलनलाई सार्थक बनाउन संघर्षलाई निरन्तरता दिने ।
- राष्ट्रिय स्वाधीनता बचाउन वैदेशिक हस्तक्षेपको सशक्त प्रतिवाद गर्ने ।
- लोकतान्त्रिक अधिकारको रक्षाका लागि सर्वसत्तावादविरुद्ध भण्डाफोर अभियान चलाउने ।
- देश र जनताको पक्षमा हामीले गर्दै आएका संघर्षहरूको व्यापक प्रचार गर्ने ।

## प्राविधिक/अन्य कार्य

- ☞ सामाजिक सञ्जाल तथा मिडिया परिचालनको ठोस योजना बनाउने ।
- ☞ प्रचारात्मक कार्यलाई प्रभावकारी बनाउन हरेक इकाइमा आईटी सेल निर्माण गर्ने।
- ☞ पार्टीका सम्पूर्ण क्रियाकलाप तथा कार्यालयहरूलाई प्रविधिमैत्री बनाउने ।
- ☞ आर्थिक स्रोतको पहिचान तथा परिचालनका लागि ठोस योजना बनाउने ।
- ☞ पार्टी सदस्यता शुल्क र लेवीलाई व्यवस्थित गर्ने ।
- ☞ सरकारी दमनबाट बच्न आत्मरक्षासम्बन्धी विशेष तालिम दिने ।
- ☞ आन्दोलनसँग सम्बन्धित अन्य आवश्यक प्राविधिक तयारी गर्ने ।
- ☞ वैदेशिक हस्तक्षेप रोक्न युवाहरूलाई सशक्त बनाउने ।



धन्यवाद !